# प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वय गर्न बनेको विधेयक

प्रमाणीकरण र प्रकाशन मिति २०७६।०३।३१

सम्वत २०७६ सालको ऐन नं. २

**प्रस्तावनाः** प्रदेश सरकारको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त कर लगाउने तथा राजश्व संकलन र राजश्व प्रशासन सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

प्रदेश नं. २ का प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "प्रदेश आर्थिक ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन २०७६ साल साउन १ गते देखि प्रदेश नं. २ भर लागु हुनेछ ।

२. **घर जग्गा लगायतको रजिष्ट्रेशन शुल्कः** (१) आर्थिक वर्ष २०७६/०७७ मा अनुसूची-१ बमोजिम घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्क घरजग्गा रजिष्ट्रेशनका बखत सम्बन्धित गाँउपालिका र नगरपालिकाले संकलन गर्नुपर्नेछ ।

तर गाँउपालिका तथा नगरपालिकाको साधन, श्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालयले प्रदेश सरकारले निर्धारण गरे बमोजिमको दर

अनुसारको शुल्क उठाई चालिस प्रतिशत रकम प्रदेश सञ्चित कोष र साठ्ठी प्रतिशत रकम स्थानीय विभाज्य कोषमा जम्मा गर्नुपर्नेछ ।

३. **सवारी साधन कर:** (१) आर्थिक वर्ष २०७६/०७७ मा अनुसूची-२ बमोजिम सवारी साधनमा सवारी साधन कर लगाइने र उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर प्रदेश सरकारले संकलन गर्नेछ । प्रदेश सरकारले निर्धारण गरेको रकम उठाई प्रदेश र स्थानीय तहमा बाँडफाँड गर्न प्रदेश विभाज्य कोषमा जम्मा गरिनेछ । सो रकमको साठ्ठी प्रतिशत रकम प्रदेश संचित कोष र चालीस प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संञ्चित कोषमा जम्मा गरिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि “सवारीसाधन” भन्नाले यान्त्रिक शक्तिबाट चल्ने स्थलगामी सवारीसाधनहरु जस्तै: जीप, कार, लरि, ट्रक, बस, भ्यान, मिनिबस, मोटरसाइकल, स्कुटर, अटोरिक्सा, टेम्पो, आदिलाई सम्झनुपर्छ ।

(३) उपदफा (१) बमोजिम सवारी साधन कर लागउदा सवारी साधनको प्रकृति र क्षमताका आधारमा समान प्रकृतिका सवारी साधनलाई समान दर कायम हुने गरी लगाइनेछ ।

यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा र विद्युतीय रिक्सामा सवारी साधन कर सम्बन्धित गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने छ ।

४. **मनोरञ्जन कर:** (१) आर्थिक वर्ष २०७६/०७७ मा मनोरञ्जन स्थलमा प्रवेश गरे वापत अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ ।

स्पष्टीकरण: (क) यस दफाको प्रयोजनको लागि "मनोरञ्जन" भन्नाले शुल्क लिई व्यक्तिहरुलाई प्रवेश गराइने सिनेमा, नाचगाना, अपेरा, थिएटर, सर्कस, चटक, खेल, प्रदर्शनी, कन्सर्ट, फनपार्क, वाटरगार्डेन, उद्यान र अरु प्रकारका मनोरञ्जन वा समेतलाई जनाउँछ ।

(ख) "प्रवेश" भन्नाले मनोरञ्जनको निमित्त दर्शकको रुपमा प्रवेश गर्ने कार्यलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिमको प्रशासन गाँउपालिका वा नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

५. **बिज्ञापन कर:** (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश भित्र राखिने होर्डिङ बोर्ड, साईन बोर्ड, ब्यानर, ट्राईभिजन बोर्ड, ग्लो बोर्ड, डिजिटल बोर्ड, स्टिल, धातुको फ्रेम वा कुनै स्थानमा लगाउने, लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचार सामाग्रीमा गरिएको विज्ञापनमा विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ ।

(२) उपदफा (१) अनुसारको विज्ञापन करको दर र कर उठाउने प्रणाली स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिमको विज्ञापन करको प्रशासन गाँउपालिका वा नगरपालिकाले गर्नेछ ।

(४) उपदफा (१) बमोजिम संकलित करको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ ।

६. <u>दहत्तर बहत्तर शुल्कः</u> (१) आर्थिक वर्ष २०७६/०७७ मा प्रदेश भित्र ढुङ्गा, गिट्टी, बलुवा, माटो, खोलाले बगाई ल्याएको काठ, दाउरा लगायतका दहत्तर बहत्तरको संकलनमा अनुसूची-४ बमोजिम शूल्क लगाइने र असुल उपर गरिनेछ । साथै गाउँपालिका वा नगरपालिकाले प्रचलित कानूनमा तोकिएको दरमा नघट्ने गरी विक्री मूल्य तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको शुल्कको संकलन सम्बन्धित गाँउपालिका र नगरपालिकाले गर्नेछ ।

(३) उपदफा (१) बमोजिम संकलित रकम सम्बन्धित स्थानीय तहले संकलित शूल्कको चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ ।

माथि जुनसुकै कुरा लेखिएको भएतापनि अनुसूची-४ को सि.नं. ४ मा उल्लेखित शुल्कको प्रशासन प्रदेश सरकारले तोके बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले गर्नेछ । प्रदेश सरकारले निर्धारण गरेबमोजिमको दर अनुसारको शुल्क उठाई प्रदेश स्थानीय तहमा बाँडफाँड गर्न प्रदेश विभाज्य कोषमा रकम जम्मा गरिनेछ । सो रकमको साठी प्रतिशत रकम प्रदेश सञ्चित कोष र चालिस प्रतिशत रकम सम्बन्धित स्थानीय तहको संञ्चित कोषमा जम्मा गरिनेछ ।

७. **दण्ड जरिवाना:** (१) कुनै व्यक्ति संस्था वा निकायले प्रदेश कानूनको उल्लंघन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानून बमोजिम हुनेछ ।

८. **प्राकृतिक श्रोत उपयोग वापत लाग्ने शूल्क तथा सोमा लाग्ने जरिवाना र व्याज मिनाहा हुने:** आर्थिक ऐन, २०७५ को दफा ७ सँग सम्बन्धित अनुसूची-४ को सि.नं.५ र ६ मा भएको व्यवस्थानुसार प्रदेश भित्र स्थापना भएका सिमेन्ट र क्लिकंर उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन विक्री गर्दा विक्री अंकको ०.५ प्रतिशतका दरले लाग्ने प्राकृतिक श्रोत उपयोग वापतको शुल्क नबुझाएका उद्योगहरुको हकमा आ.ब. २०७५।०७६ अवधिको कारोवार तथा शुल्कको विवरण २०७६ साल पौष मसान्त भित्र बुझाएमा सोमा प्रचलित कानुन बमोजिम लाग्ने शुल्क, व्याज र जरिवाना बापतको सम्पूर्ण रकम समेत छुट हुनेछ ।

९. **दर घटाउन, बढाउन वा छुट दिन सकिने:** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि प्रदेश सरकारले आवश्यक्ता अनुसार ऐन र अन्य कानूनबमोजिम लगाइएका शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क, महसुल र कर आंशिक वा पूर्ण रुपमा छुट

दिएको सुविधाको विवरण प्रत्येक वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम दिएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको शुल्क र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ ।

१०. **कार्यविधि तथा मापदण्ड बनाउन सक्नेः** (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा १ बमोजिमको कार्यविधि तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ ।

११. **प्रकृया सरलीकरण वा बाधा अडकाउन फुकुवा गर्न सक्नेः** (१) प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लिखित कानून यस ऐनको कार्यान्वयमा कुनै बाधा अड्काउन पर्न गएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न प्रक्रिया सरलीकरण गर्न वा कुनै निर्देशन दिन वा परिपत्र जारी गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

अनुसूची-१

(दफा २ सँग सम्बन्धित)

## घरजग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर

### क. घर जग्गा रजिष्ट्रेशन शुल्कः

| सि. नं. | लिखतको प्रकार | रजिष्ट्रेशन शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | |
|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.म.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखत | | | | |
| | (क) राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% |
| | (ख) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाईको लिखतको थैली अंकमा | ४% | ३% | २% | १% |
| | (ग) सामुहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको | ५% | ४.५% | ४% | २% |

| | | | | | |
|---|---|---|---|---|---|
| | घरजग्गाको लिखतको थैली अङ्कमा | | | | |
| २. | छोडपत्र दर्ताफारी ( संयुक्त दर्तावाला बीचको) लिखितको थैली अङ्कमा | २.५% | २% | २% | १% |
| ३. | हालैदेखिको वकसपत्रको लिखत हालैदेखिको वकसपत्रको लिखतको थैली अङ्कमा (क) बाजे, बज्यै, आमा, बाबु, पति पत्नी, दाजु, भाउजु, भाइ, भाइबूहारी दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाइ, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | भतिजी, नाति, नातिनी, नातिनीवुहारी, काका, काकी, मामा माइज्यू, भाञ्जा भाञ्जी ठूलो-बुवा, ठूली आम (वावु तर्फका) आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाइको छोरा, छोरी, फुपू र भदा भदै बीच । (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.५% | १% | १% | ०.५% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.५% | २% | २% | १% |
| | (ख) अन्य वकसपत्र र दानपत्रको थैली अङ्कमा स्पष्टीकरण: सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस/ कलेज, | १५% | १५% | १५% | १०% |

| | | | | | |
|---|---|---|---|---|---|
| | सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकारका कार्यालय, प्रदेश नं. २ सरकारका कार्यालय, स्थानीय तह तथा प्रदेश नं. २ सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन । | | | | |
| ४. | अंशवण्डा तथा अंश भपाईको लिखत<br>अंशवण्डा तथा अंश भपाईका लिखतमा<br>(क) रु.३० लाखसम्मको थैली अङ्कमा<br>(ख) रु.३० लाखभन्दा बढी रु. २ करोडसम्मको थैली अङ्कमा<br>(ग) रु. २ | ०.२%<br>०.३% | ०.२%<br>०.३% | ०.२%<br>०.३% | ०.२%<br>०.३% |

| | | | | | |
|---|---|---|---|---|---|
| | करोडभन्दा माथिको थैली अङ्कमा | ०.५% | ०.५% | ०.५% | ०.५% |
| ५. | मनौ छुट्टिएको र मानो जोडिएको लिखत<br>(क) मानो छुट्टिएको प्रति लिखत<br>(ख) मानो जोडिएको प्रति लिखत | रु.१२,०००।<br>रु.१५,०००। | रु.११,०००।<br>रु.१२,०००। | रु.१०,०००।<br>रु.१०,०००। | रु.५,०००।<br>रु.५,०००। |
| ६. | शेषपपिछको वकसपत्रको लिखत<br>शेषपछिको वकसपत्र/अष्ट लोहको प्रतिलिखत<br>(क) तीन पुस्ताभित्रको<br>(ख) तीन पुस्ताबाहिरको | रु ७,०००।<br>रु१२,०००। | रु ६०००।<br>रु.११,०००। | रु ५,०००।<br>रु.१०,०००। | रु २,०००।<br>रु.४,०००। |
| ७. | बन्धकीको लिखत<br>दृष्टिबन्धकी, भोगबन्धकी, र लखबन्धकीको लिखतको थैली अङ्कमा | १% | १% | १% | १% |
| ८. | अधिकारनामा, मञ्जुरीनामा र | रु.२,०००। | रु.२,०००। | रु.२,०००। | रु.२,०००। |

| | | | | | |
|---|---|---|---|---|---|
| | अख्तियारनामा लिखत<br>मञ्जुरीनामा र अख्तियारनामा लिखत | | | | |
| ९. | कपाली तमसुक र करारनामाको लिखत<br>दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रतिलिखत | १% | १% | १% | १% |
| १०. | गुठी स्थापना लिखत (गुठी दर्ता वापत) | ६०० | ५५० | ५०० | ४०० |
| ११. | घर वहाल लिखत वापत पहिलो महिनाको वहाल रकमको | ५% | ४.५% | ४% | ३% |
| १२. | फलोपभोग (युजु फ्रुक्टी) | १,००० | ८०० | ७०० | ५०० |
| १३. | शेषपछिको वकसपत्र संशोधन वा रद्ध गर्दा | | | | |
| | क. शर्त संशोधन | १,५०० | १,२०० | १,००० | ५०० |
| | ख. वकसपत्र रद्ध | २,००० | १,६०० | १,५०० | १,००० |

| | | | | | |
|---|---|---|---|---|---|
| १४. | अन्य लिखत | | | | |
| | क. रकम खुलेमा | ३% | २.५% | २% | १% |
| | ख. रकम नखुलेमा | ७,००० | ६,००० | ५,००० | ३,००० |
| १५. | सि.नं ४ को अंशवण्डा तथा अंश भर्पाईको लिखत घर जग्गा भएको कुनै इलाका वा जिल्लामा पारित गर्न सकिनेछ र सो बाहेकका अन्य सि.नं. १ देखि ८ का घर जग्गा रजिष्ट्रेशन शुल्क लाग्ने लिखतहरु अर्को इलाकामा पारित गर्न सकिने छैन । | | | | |

**ख. सेवा शुल्कः**

| सि.नं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | | | |
|---|---|---|---|---|---|---|
| | | म.न.पा. क्षेत्रको दस्तुर | उ.न.पा. क्षेत्रको दस्तुर | न.पा. क्षेत्रको दस्तुर | गा.पा. क्षेत्रको दस्तुर | |
| १. | लिखत रजिष्ट्रेशन को लागि डोर माग गर्ने शुल्क लिखत रजिष्ट्रशन को लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुर | रु.१५,०००। | रु.१०,०००। | रु.७,०००। | रु.३,०००। | |
| २. | वित्तीय धितो नेपाल राष्ट्र | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | बैंकबाट वित्तीय कारोवार गर्न स्वीकृत प्राप्त बैंक, वित्तीय तथा सहकारी संस्थाबाट दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | | | |
| | (क) रु. १,००,०००।- सम्मको लिखतको थैली अङ्कमा | रु.१,२००। | रु.१,२००। | रु.१,२००। | रु.१,२००। | |
| | (ख) रु. १,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्मको थैली अङ्कमा | रु.१,८००। | रु.१,८००। | रु.१,८००। | रु.१,८००। | |
| | (ग) रु. ५,००,०० | रु.२,८००। | रु.२,८००। | रु.२,८००। | रु.२,८००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ०।- भन्दा बढी रु. १,००,०००।- सम्मको थैली अङ्कमा | | | | | |
| | (घ) रु. १०,००,०००।- भन्दा बढी रु. २०,००,०००।- सम्मको थैली अङ्कमा | रु.३,५००। | रु.३,५००। | रु.३,५००। | रु.३,५००। | |
| | (ङ) रु. २०,००,०००।- भन्दा बढी रु.५०,००,०००।- सम्मको थैली अङ्कमा | रु.५,५००। | रु.५,५००। | रु.५,५००। | रु.५,५००। | |
| | (च) रु. ५०,००,०००।- भन्दा बढी रु. १,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.२२,०००। | रु.२२,०००। | रु.२२,०००। | रु.२२,०००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | (छ) रु. १,००,००,०००।- भन्दा बढी रु. २,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.३३,०००। | रु.३३,०००। | रु.३३,०००। | रु.३३,०००। | |
| | (ज) रु. २,००,००,०००।- भन्दा बढी रु. ५,००,००,०००।- सम्मको थैली अङ्कमा | रु.७०,०००। | रु.७०,०००।- | रु.७०,०००। | रु.७०,०००। | |
| | (झ) रु. ५,००,००,०००।- भन्दा बढी जतिसुकै थैली अङ्कमा | रु.१,१५,०००। | रु.१,१५,०००। | रु.१,१५,०००। | रु.१,१५,०००। | |
| ३. | लीज सरकारी जग्गा लिजमा उपलब्ध गराउने | सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति स्थानीय तह र प्रदेशको आपसी सहमति अनुसारको दस्तुर लाग्नेछ । | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | जग्गाधनि दर्ता श्रेस्ताको प्रतिलिपिको लागि ( टिकट बाहेक) प्रति पुर्जा ख. प्रदेश नं. २ तथा अन्य प्रदेश नोट : जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ । | रु.२,०००। | रु.१,५००। | रु.१,०००। | रु.५००। | |
| ५. | दाखिला खारेज शुल्क<br>(क) करार अनुसार लिखत पारित गर्न ठहऱ्याएको फैसला वा मिलापत्र अनुसारको दाखिला खारेज गर्दा<br>(ख) अन्य | ५%<br><br>३% | ४.५%<br><br>२.५% | ४%<br><br>२% | २%<br><br>१% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मिलापत्र ( अंश र अपुताली बाहेक) को दाखिला खारेज गर्दा | | | | | |
| | (ग) बैंक वित्तिय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तिय संस्थाको पत्रानुसार व्यक्तिको नाउमा दा.खा. गर्दाको थैली अङ्कमा | ५% | ४.५% | ४% | २% | |
| | (घ) बैंक वित्तिय संघ वा सहकारी | रु.७,०००। | रु.६,०००। | रु.५,०००। | रु.२,०००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | संस्थाबाट कर्जाप्रवाह गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैंक वित्तिय संघ वा सहकारी संस्थाले आफ्नो नाउँमा दाखिल खारेज गर्दा प्रति मिसिल | | | | | |
| | (ङ) बैंक, वित्तिय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैंक वा संस्था आफैले सकार गरेपछि | २.५% | २% | २% | १% | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | | | | |
| | (१) भूमिसुधार तथा मालपोत कार्यालय बाट जग्गा बाँडफाँड भई दाखिला खारेज हुन आउँदा प्रति मिसिल | रु.५००। | रु.४००। | रु.३००। | रु.२००। | |
| | (२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम फैसला बमोजिम लिलाम वढावढ गरी दाखिल | रु.५,०००। | रु.३,०००। | रु.१,०००। | रु.५,००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | खारेज गर्दा प्रति मिसिल | | | | | |
| | (च) शेषपछिको वकसपत्रको दाखिल खारेज<br>क तीनपुस्ता भित्रको भए<br>ख तीनपुस्ता बाहिरको भए (थैली अङ्कमा) | सबै क्षेत्रको लागि अंशवण्डा सरह भन्दा थप ०.५% शुल्क लाग्ने । | | | | |
| ६. | नामसारी | नामसारी<br>(क) तीन पुस्ता भित्रको नामसारी गर्दा<br>(ख) तीन पुस्ता भन्दा बाहिरको नामसारी गर्दा | रु. १,५००।<br>रु. ५,०००। | रु. १,२००।<br>रु. ४,०००। | रु. १,००।<br>रु. ३,५००। | रु. ५००।<br>रु. २,०००। |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको श्रेस्ता हाल | रु.५०० | रु.४०० | रु.३०० | रु.१०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | | | | |
| ८. | घर कायम | श्रेस्ता पूजीमा घर जनाउने प्रति निवेदनमा | रु.५०० | रु.४०० | रु.३०० | रु.१०० |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.४०० | रु.३०० | रु.२०० | रु.१०० |
| १०. | रोक्का दस्तुर | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) (ख) लिखत | नलाग्ने | नलाग्ने | नलाग्ने | नलाग्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | रजिष्ट्रेशन नहुनेमा (अ) रु. १,००,०००।- सम्मको ऋण अङ्कमा | रु.५००। | रु.४००। | रु.३००। | रु.२००। |
| | | (आ) रु. १,००,०००।- भन्दा बढी रु. ५,००,०००।- सम्म | रु.८००। | रु.७००। | रु.५००। | रु.३००। |
| | | (इ) रु. ५ लाख भन्दा बढी जतिसुकै ऋण अङ्कमा | रु.१,०००। | रु.८००। | रु.७००। | रु.५००। |
| | | (ई) ऋण अङ्क नखुलेकोमा | रु.५,०००। | रु.४,०००। | रु.३,०००। | रु.२,०००। |

## ग. विविधः

| | |
|---|---|
| १. | प्रदेश नं. २ भित्रका महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन दस्तुरको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अङ्कको शुन्य दशमलव पाँच |

| | |
|---|---|
| | प्रतिशत दस्तुर मूख्यमन्त्री स्वच्छता अभियान कोषका लागि असुल गरिनेछ । |
| २. | अधिकारनामा र शेषपछिको वकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अङ्क अनिवार्य खुलाउनु पर्नेछ । |
| ३. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपंक्षीपालन, अलैंची खेती, जडिबुटी खेती एवं फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा भूमीसुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ४. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरु मिली जग्गाको चक्ला बन्दी खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सो मा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाईएमा भूमी सुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ५. | सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादन मूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा भूमिसुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ६. | (क) कृषि ऋण, बीमा संस्थान, बीमा समितिबाट स्वीकृति प्राप्त बीमा कम्पनीहरु, विश्वविद्यालय, नेपाल राष्ट्रबैंकबाट स्वीकृति प्राप्त बैक तथा वित्तीय संस्थाहरुले आफ्ना बहालवाला कर्मचारीहरुलाई सेवा शर्त बमोजिम दिने ऋण |

| | |
|---|---|
| | सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ । तर सेवा शुल्क वापत थप रु. १,०००।- लाग्ने छ । |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्ताहरुलाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ । तर सेवा शुल्क रु. ५००।- लाग्नेछ । |
| ७. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई संचालनमा रहेका सहकारी संस्थाहरुले आफ्ना शेयर सदस्यहरु विच ऋण लगानी/प्रवाह गर्दा बीस लाख रुपैयाँ सम्मको थैली अङ्कमा रोक्का दस्तुर वाहेक सेवा शुल्क छुट हुनेछ । सो भन्दा माथिको थैली अङ्कमा खण्ड ख. सेवा शूल्क महलको सि.नं. २ बमोजिमको सेवा शूल्क लाग्ने छ । |
| | (ख) बैंकिङ्ग तथा वित्तिय व्यवसाय र बिमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरुले सो प्रयोजनका लागि घरजग्गाको एकत्रित गर्दा संशोधन दस्तुर वाहेक अन्य दस्तुर लाग्ने छैन । |
| ८. | जनआन्दोलन पहिलो, दोश्रो र मधेश आन्दोलनमा सहादत प्राप्त गरेका शहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता-पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारीत हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारको दस्तुर र शुल्क पूर्ण रुपमा छुट हुनेछ । |
| ९. | अपाङ्गता भएका व्यक्ति, दलित एंव पिछडिएका जाती भनी स्थानीय तहवाट प्रमाणित भएको सिफारिस वा अधिकारीक प्रमाणको आधारमा तिनीहरुको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ । |
| १०. | (क) महिला, सत्तरी वर्ष भनदा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त |

| | |
|---|---|
| | हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चीस प्रतिशत छुट हुनेछ ।<br>तर एकल महिलाको हकमा भने पैतिस प्रतिशत छुट हुनेछ । |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति-पत्नी दुवैको संयुक्त स्वामित्वको रुपमा लिखत गर्न चाहेमा सो सगोलनामाको लिखतमा रु. १००।- मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ । |
| | (ग) ३०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने. उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरीद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा ५०% छुट दिइने छ । तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा भूमिसुधार तथा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ । |
| ११. | भूमिहीन मुक्त कमैया  मूक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शूल्क र रोक्का दस्तुर पूर्ण रुपमा छुट हुनेछ । |
| १२. | बैंक, वित्तीय एंव सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्य र मिलापत्र वा बैंक, वित्तीय एंव सहकारी संघ संस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोहीलाई कायम गर्नुपर्नेछ । |
| १३. | रजिष्ट्रेशन वापत भूमिसुधार तथा मालपोत कार्यालयले सम्बन्धित स्थानीय तहमा पठाउने कूल रकमको सात प्रतिशत रकम सम्बन्धित भूमिसुधार तथा मालपोत कार्यालय र नापी कार्यालयहरुको संस्थागत सुदृढीकरण, भवन निर्माण, मर्मत, श्रेस्ता व्यवस्थापन तथा दैनिक कार्य संचालनमा खर्च गर्ने गरी स्थानीय तहले सम्बन्धित |

| | |
|---|---|
| | भूमिसुधार तथा मालपोत कार्यालयहरुमा उपलब्ध गराउनु पर्नेछ । यसरी उपलब्ध गराएको रकम रु. १० लाख भन्दा बढी भएमा सो भन्दा बढी भएको रकम बेटी बचाउ बेटी पढाउ कोषमा दाखिला गर्नुपर्नेछ । |
| १४. | प्रदेश नं. २ सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित प्रदेश नं. २ मा कार्यक्रम संचालन गर्ने गरी दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाउँमा निःशूल्क रुपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ । |
| १५. | यो ऐन लागु हुँदाका वखत भएका वा यस पछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण भएको मिति देखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन दस्तुर र सेवा शुल्क लाग्नेछ । |
| १६. | सहकारी ऐनको दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरुले संस्थाको प्रयोजनको लागि मात्र ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको सिफारिसमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रुपमा छुट हुनेछ तर ३ कठ्ठाभन्दा बढी जग्गाको हकमा प्रचलित दर अनुसार असुल उपर गरिनेछ । त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा वाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन दस्तुर असूल उपर गरिनेछ । |
| १७. | विविधको क्रमसंख्या ८, ९, १० र ११ बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ । |
| १८. | एउटै कारोवारबाट २० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैंकबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा विक्रेताका नाममा बैंकमा रहेको खातामा रकम जम्मा गरेको बैंकमा रहेको खातामा रकम |

| | |
|---|---|
| | जम्मा गरेको बैंक भोचरको फोटोकपी पेश गरेपछि मात्र भूमिसुधार तथा मालपोत कार्यालयले लिखत पारित गर्नेछ । |
| १९. | पति पत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ । |
| २०. | तीनपुस्ता भित्र छोरी वा नातिनीहरुमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा (क) घर जग्गा तथा अन्य रजिष्ट्रेशन शूल्क क्रम संख्या २ मा उल्लेखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ । |
| २१. | प्रदेश नं. २ सरकार अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा प्रदेश नं. २ सरकारको अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्नु पर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन । |
| २२. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा प्रदेश नं. २ सरकारको कुनै निकायलाइ निःशूल्क रुपमा प्राप्त भएमा वा प्रदेश नं. २ सरकारको कुनै पनि निकायले खरिद गरी लिएमा सो मा रजिष्ट्रेशन दस्तुर सेवा शूल्क लाग्ने छैन । |
| २३. | वैदेशिक रोजगारीवाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैंकको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सवाट खरिद हुने जग्गाको लिखतमा पच्चीस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ । |
| २४. | भूमि सुधार तथा मालपोत कार्यालयले संकलित रजिष्ट्रेशन दस्तुर वापतको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको ख-६ खातामा जम्मा गरी प्रत्येक महिना समाप्त भएपछि संकलित रकमको ४० प्रतिशत प्रदेश संचित कोषमा र ६० प्रतिशत स्थानीय विभाज्य कोषमा गरिनेछ । |

अनुसूची- २
(दफा ३ सँग सम्बन्धित)

# सवारी साधन कर

| | |
|---|---|
| **(ख) सवारी साधन कर** | |
| १. निजी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | |
| **सवारीको किसिम** | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १००० सी.सी सम्म | रु. १९,०००।- |
| (आ) १००१ द्येखि १५०० सी.सी सम्म | रु. २१,०००।- |
| (इ) १५०१ सी.सी. देखि २००० सी.सी. सम्म | रु. २३,०००।- |
| (ई) २००१ सी.सी. देखि २५०० सी.सी. | रु. ३२,०००।- |
| (उ) २५०१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ३७,०००।- |
| (ऊ) २९०१ सी.सी. देखि माथि सब | रु. ५३,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु. ३५,०००।- |
| (आ) मिनीटिपर | रु. २५,०००।- |
| (ग) अटो रिक्सा, थ्री  ह्वीलर, टेम्पो, ट्रेक्टर र पावर टिलर | |
| (अ) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | रु. ५,०००।- |
| (आ) ट्रेक्टर | रु. ४,०००।- |
| (इ) पावर टिलर | रु. ३,०००।- |
| (घ) मिनिट्रक/मिनिबस | रु. २२,०००।- |
| (ङ) ट्रक/बस | रु. ३०,०००।- |
| (च) मोटरसाइकल | रु. |
| (अ) १२५ सी.सी. सम्मको | रु. २,५००।- |
| (आ) १२६ देखि १६० सी.सी. सम्म | रु. ४,०००।- |
| (इ) १६१ देखि २५० सी.सी. सम्म | रु. ५,०००।- |
| (ई) २५१ देखि ४०० सी.सी. सम्म | रु. ८,०००।- |
| (उ) ४०१ सी.सी. र सो देख माथि | रु. १५,०००।- |

| | | |
|---|---|---|
| २. भाडामा दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछ :- | | |
| **सवारीको किसिम** | | |
| (क) कार, जिप, भ्यान, माइक्रो बस | | **वार्षिक कर दर** |
| (अ) १३०० सी.सी. सम्म | | रु. ८,०००।- |
| (आ) १३०१ सी.सी. देखि २००० सी.सी. सम्म | | रु. ९,०००।- |
| (इ) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | | रु. ११,०००।- |
| (ई) २९०१ सी.सी. देखि ४००० सी.सी. सम्म | | रु. १३,०००।- |
| (उ) ४००१ सी.सी. र सोभन्दा माथि सबै | | रु. १५,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | | रु. १७,०००।- |
| (ग) अटो रिक्सा, थ्री ह्वीलर र टेम्पो | | रु. ४,०००।- |
| (घ) ट्रेक्टर | | रु. २,५००।- |
| (ङ) पावर टिलर | | रु. २,०००।- |
| (च) मिनीट्रक, मिनीबस | | रु. १२,०००।- |
| (छ) मिनी ट्रिपर | | रु. १४,०००।- |
| (ज) ट्रक, बस | | रु. १६,०००।- |
| ३. | तपसिलमा उल्लेख भएका सवारी साधनहरुलाई भाडामा दर्ता भएका सवारी साधनमा लाग्ने सरह कर लाग्ने छ :-<br>(क) प्रदेश नं. २ सरकारको नाउँमा दर्ता भएका,<br>(ख) नेपाल सरकारको नाउँमा दर्ता भएका,<br>(ग) गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको नाउँमा दर्ता भएका । | |
| ४. | विद्युतीय माध्यमद्वारा सञ्चालित सवारी साधनमा सवारी साधन कर लाग्ने छैन । पेट्रोलियम पदार्थ बाहेक अन्य इन्धनद्वारा सञ्चालन हुने सवारी साधनमा माथि दफा १ र २ बमोजिम लाग्ने सवारी साधन करमा बीस प्रतिशत छुट हुनेछ । | |
| ५. | सुरु पैठारी मितिले एक वर्षभन्दा कम अवधि भएमा दामासाहीले सवारी साधन कर कट्टा गरिनेछ ।<br>तर व्यापार मोज्दातमा रहेका सवारी साधनमा यस्तो कर लाग्ने छैन । | |
| ६. | सवारी साधन बिग्रेको वा अन्य कुनै कारणबाट सो सवारी साधन चलाउन नपाएको भनी प्रदेश नं. २ सरकारले ठहर्‍याएको कुनै | |

| | |
|---|---|
| | व्यक्ति वा संस्थाको नाममा दर्ता भएको सवारी साधनलाई सवारी साधन कर लाग्ने छैन । |
| ७. | प्रदेश नं. २ मा दर्ता भई उत्पादनका मितिले पन्ध्र वर्षभन्दा पुराना सवारी साधनहरुलाई लाग्ने सवारी साधन करमा चौध वर्षभन्दा बढीको प्रत्येक वर्षका लागि पाँच प्रतिशतका दरले थप गरी सवारी साधन कर लाग्नेछ । तर यस्तो थप गरिएको रकम सवारी साधनको लागि तोकिएको कर रकम भन्दा बढी हुने छैन । |
| ८. | शैक्षिक संस्थाले विद्यार्थी ओसार्न प्रयोग गर्ने निजी तथा भाडाका बस, मिनीबस, तथा मार्यक्रोबसका धनीले तिर्नुपर्ने सवारी साधन करमा साठी प्रतिशत छुट पाउनेछन् । |
| ९. | जुनसुकै सवारी साधनका धनीले चाहेमा लाग्ने सवारी साधन कर प्रचलित दरका आधारमा एकमुष्ठ रुपमा पाँच वर्षसम्मका लागि एकैपटक भुक्तानी गरी नवीकरण गराउन सक्नेछन् । यसरी अग्रिम रुपमा पाँच वर्षको सवारी साधन कर एकमुष्ट बुझाई नवीकरण गराएमा लाग्ने सवारी साधन करमा दस प्रतिशत छुट हुनेछ । |
| १०. | सार्वजनिक संग्रहालयमा प्रदर्शनीका लागि राखिएका बीस वर्षभन्दा पुराना सवारी साधनलाई वार्षिक तिर्नुपर्ने सवारी साधन कर लाग्ने छैन । |
| ११. | दफा १ र २ मा जुनसुकै कुरा लेखिएको भए तापनि दमकल, एम्बुलेन्स तथा शव वाहनलाई सवारी साधन कर लाग्ने छैन । |
| १२. | बीस लाख रुपैयाँभन्दा बढीको सवारी साधन खरिद गर्दा सम्बन्धित सवारी साधन क्रेताले एकाउन्ट पेयी चेकबाट मात्र बिक्रेतालाई रकम भुक्तानी गर्नु पर्नेछ । |
| १३. | यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने गरी बनाइका १५० सी.सी. सम्मका स्कूटरमा सवारी साधन कर लाग्ने छैन । |
| १४. | प्रदेश नं. २ मा हाल सञ्चालनमा रहेका पुराना ट्रकलाई नेपालमा नै बन्द कन्टेनरको रुपमा रुपान्तरण गर्न निवेदन दिने सवारी साधनका धनीलाई निजले बुझाउनु पर्ने सवारी साधन कर वापत पचास हजार रुपैयाँ वा चार वर्षको सवारी साधन कर वापत हुन आउने रकममध्ये जुन घटी हुन्छ सो बराबरको |

| | |
|---|---|
| | रकम छुट दिइनेछ। तर यस्तो छुट सुविधा दश वर्ष भन्दा पुराना ट्रकहरुलाई दिइने छैन । |
| १५. | सार्वजनिक यातायातका रुपमा सञ्चालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरुले संचालन गर्ने सार्वजनिक बसहरुले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १६. | ढुवानी कार्य संचालन गर्ने गरी दर्ता भएका प्रा.लि. कम्पनीहरुले सञ्चालन गर्ने १० टन भन्दा माथिका बन्द कन्टेनर र ठूला ट्रकहरुले तिर्ने सवारी साधन करमा पच्चीस प्रतिशत छुट दिइनेछ । |
| १७. | प्रदेश नं. २ सरकारले जफत गरी लिलाम बिक्री गरेको सवारी साधनमा सो मिति भन्दा अगाडिको अवधिको यस्तो कर लाग्ने छैन । |

अनुसूची-३

(दफा ४ सँग सम्बन्धित)

## मनोरञ्जन कर

| सि.नं. | विवरण | मनोरञ्जन करको |
|---|---|---|
| १ | चलचित्र प्रदर्शन गर्दा दर्शकहरुको प्रवेश शुल्कमा | ५% |
| २ | साँस्कृतिक प्रदर्शन, दोहोरी साँझा, डान्सवार, कन्सर्ट, नाटकघर, भिडियोघर, थियटर, पार्क आदिको प्रवेश शुल्कमा | ५% |
| ३ | तीन महिनासम्म जादु सर्कस मेला सञ्चालन गराए वापत प्रतिदिन | रु. १००।- |
| ४ | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरञ्जन प्रदायक कार्यक्रम सञ्चालन गराए वापत मासिक | रु. ५०००।- |

अनुसूची-४

(दफा ६ सँग सम्बन्धित)

**दहत्तर बहत्तर शुल्क**

| सि.नं. | विवरण | इकाई | दर प्रति |
|---|---|---|---|
| १ | ढुगा, गिट्टी, बालुवा, स्लेट, ग्राभेल र रोडा विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. ३ देखि रु. ४ सम्म |
| २ | माटो विक्री एवम् घाटगद्दि (स्वीकृत खानी क्षेत्र बाहेक) | प्रति क्यूव फिट | रु. १ देखि रु. २ सम्म |
| ३ | काठ दाउरा बिक्री | बिक्री मुल्य | १०% |
| ४ | खानीजन्य वस्तुहरुको उपयोग गरी सिमेन्ट उत्पादन गरी बिक्री वितरण गर्ने उद्योगबाट उत्पादित सिमेन्टको बिक्रीमा प्रति बोरा रु. १ ।- का दरले प्राकृतिक श्रोत उपयोग वापत शुल्क लगाइनेछ । | | |

पारित मिति :- २०७६।०३।२९

प्रमाणिकरण मिति :- २०७६।०३।३१